केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२४/०६५/६६ मिति : २०६५/०९/१३

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि जारी भएको ई.प्रा. निर्देशन ९।०६१।६२ बमोजिम इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्ने ई.प्रा. निर्देशन नं. ९.१ देखि ९.१३ सम्मका फारामको अतिरिक्त ९.३ (क) फाराम थप गर्ने र सो फाराममा उल्लेख भए बमोजिमको वित्तीय विवरण मासिक रुपमा अवधि समाप्त भएको मितिले पन्ध्र दिन भित्र नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा आई पुग्ने गरी पठाउनु पर्ने व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

साथै, यसरी थप गरिएको नेपाल राष्ट्र बैंक, ई.प्रा.निर्देशन फाराम नं. ९.३ (क) ***प्रयोजन अनुसारको (Productwise) कर्जा सापटको विवरण*** तथा सो विवरणको शीर्षकगत प्रष्टीकरण समेत यसैसाथ संलग्न छ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।